नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

## प्रेस विज्ञप्ती

आज मिति २०८१ मंसिर १२ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारीसँग नेपालका लागि इजरायली राजदुत श्री Shmulik Arie Bass ले शिष्टाचार भेट वार्ता गर्नुभएको छ।

भेटवार्ताको क्रममा नेपाल र इजरायलबीच भएको द्विपक्षीय श्रम सम्झौताको कार्यान्वयन, केयरगिवरका रुपमा छनौट भएका नेपाली कामदारहरुलाई यथाशिघ्र इजरायल पठाउने, कामदारको श्रोत मुलुकको रुपमा नेपाललाई इजारायलले सूचिकृत गर्ने, कृषि, निर्माण लगायतका अन्य क्षेत्रमा समेत नेपाली कामदारहरु पठाउनका लागि पहल गर्ने, कृषि प्रविधि हस्तान्तरण गर्ने, सीप विकास, भाषा तालिम, स्वास्थ्य परीक्षण, श्रमिकको हक अधिकार संरक्षण र सुरक्षा लगायतका विषयमा दुवै देशहरुबीच थप कुटनीतिक पहल गर्ने विषयमा छलफल भएको थियो।

राजदुत Shmulik Arie Bass ले नेपाली कामदारहरु केयरगिविङ्गको क्षेत्रमा उत्कृष्ट रहँदै आएको र हाल इजरायलमा युद्धविराम समेत घोषणा भईसकेको हुँदा उत्तीर्ण भएका सबै नेपाली कामदारहरुलाई क्रमशः लैजाने जानकारी गराउनुभयो। नेपाली कामदारहरुलाई केयरगिविङ्ग बाहेक कृषि, निर्माण लगायतका अन्य क्षेत्रमा समेत लैजान सकिने बताउनुभयो। मन्त्री भण्डारीले केयरगिवरको रुपमा इजरायल जान छनौट भई पर्खाईमा रहेका नेपाली कामदारहरुलाई यथाशिघ्र पठाउनका लागि परराष्ट्र मन्त्रालयसँग समन्वय र पहल गर्ने बताउनुभयो। मन्त्रीले कामदारको सीप विकास, भाषा तालिम, स्वास्थ्य परीक्षण लगायतका क्षेत्रमा कार्य गर्ने र आगामी दिनमा कृषि, निर्माण लगायतका क्षेत्रमा थप सीपयुक्त जनशक्ति पठाउने सम्बन्धमा सहकार्य गर्नुपर्ने बताउनुभयो।

मितिः २०८१ मंसिर १२

(बसन्त बहादुर बोहरा)
सहायक प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np